# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal


## नगरपालिका भित्रका कवाडी माल वस्तु निकासीको शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८२/०३/३२)

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ६१, सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन-२०८२ को दफा १८ बमोजिम नगरपालिकाबाट निकासी हुने पुनः प्रयोगमा आउने/नआउने कवाडी माल बस्तुको निकासी करको ठेक्का लगाउनुपर्ने भएकोले यस सम्बन्धी कार्य गर्ने र ठेक्का लिन चाहने फर्म वा कम्पनीहरुले तपशिल बमोजिको शर्तको अधिनमा रही सूचना प्रकाशनको मितिले ७ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | कामको विवरण | न्यूनतम बोल कबोल रकम (कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १ | सुन्दरबजार नगरपालिका क्षेत्रबाट निकासी हुने पुनः प्रयोगमा आउने र नआउने कवाडी माल बस्तुको निकासी | रु १,१०,०००। (अक्षरेपी एक लाख दश हजार मात्र) | रु १,०००। (अक्षरेपी एक हजार मात्र) |

तपशिल :

१. तोकिएको दस्तुर तिरेको रसिद सहित दरभाउपत्र रितपूर्वक यस कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

२. निकासी हुने पुनः प्रयोगमा आउने/नआउने कवाडी माल बस्तु खरिद गर्दा सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन-२०८२ को अनूसुचि ११ मा उल्लेख भए भन्दा बढीको दररेटमा खरिद गर्न (उठाउन) पाईनेछैन ।

३. निवेदन साथ फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नवीकरण प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. थप जानकारीको लागि यस नगरपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०८२/०३/३२

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

Tel : +977-66-402226, Fax : +977-66-402059 | E-mail : sundarbazarmun@gmail.com | Website : www.sundarbazarmun.gov.np